# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## १ नं प्रदेश, नेपाल
## दरभाउ पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०२/०३**

यस कार्यालयको चालु आ.व. २०७७/०७८ मा गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका **तपसिलका फलफुलका बिरुवाहरु** आपुर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम दरभाउ पत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट **फलफुलका बिरुवाको** लागि इजाजत प्रात निकायहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१.इक्छुक दरभाउ पत्र दाताले यस कार्यालयको नाममा रहेको NIC ASIA बैंकको आन्तरिक राजस्व खाता नं.२४३२०५००२६४५५००७ मा फारम दस्तुर र विड सेकुरेटी रकमको दरभाउ पत्र खोल्ने दिन देखि ७५ दिन सम्मको जारी भएको बैंक ग्यारेन्टी वा यस गा.पा.को धरौटी खाता नं. २४३CA५००२१९१७००२ मा जम्मा गरेको बैंक भौचर, **फलफुलका बिरुवा** व्यवासायीले **फलफुलका बिरुवाको** कारोबारको लागि नविकरण गरेको प्राप्त इजाजतपत्र, PAN, आयकर तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि र २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्म विधुतीय प्रणाली बाट खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात १६ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउ दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई विधुतीय प्रणालीको मध्यमबाट दर्ता गर्न सकिनेछ।

२. दर्ता भएका दरभाउ पत्रहरु अन्तिम दर्ता गर्नुपर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

३. दरभाउ पत्र भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउ पत्रहरु उपर कुनै कारवाही हुनेछैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. खरिद गरिने **फलफुलका बिरुवा BOQ मा उल्लेखित अनुसारको गुणस्तर तथा जात हुनुपर्ने** छ ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित),र प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

७. दरभाव पत्र आंशिक तथा पूर्ण रुपले स्वीकृत गर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।

८.. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| क्रम.स. | ठेक्का नं. | विवरण | स्टिमेट रकम (भ्याट बाहेक ) | विड सेकुरिटी रकम (रु) | डकुमेन्ट रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | DRM/Fruit Plant /Supply/05/2077/078 | बिभिन्न जात को Fruit Plants | ९,६९,७९४/५० | २५,०००/०० | १,०००/०० | |

प्रमुख प्रशासकीय अधिकृत